# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन कार्यविधि

(राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, पुनरावेदन समितिबाट मिति २०७३/६/५ मा स्वीकृत)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गरेको निर्णय वा आदेश उपरको पुनरावेदनको सुनुवाई सम्बन्धी काम कारबाहीलाई व्यस्थित गर्न वाञ्छनीय भएकोले,

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ अन्तर्गतको पुनरावेदन समितिले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन कार्यविधि, २०७३** "रहेको छ ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले ऐनको दफा २६ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "ऐन " भन्नाले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ सम्झनु पर्छ ।

(ग) "समिति सचिव "भन्नाले समितिको काम समेत हेर्ने गरी प्राधिकरणको सचिवले तोकेको कम्तीमा राजपत्राङ्कित दितीय श्रेणीको अधिकृत सम्झनु पर्छ ।

(घ) "समिति" भन्नालेऐनको दफा २६ बमोजिमको पुनरावेदन समितिसम्झनु पर्छ ।

**३. पुनरावेदन दिने प्रकृयाः** (१) प्राधिकरणले ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको प्रयोग गरी गरेको आदेश वा निर्णय उपर चित्त नबुझ्ने पक्षले आफूलाई पर्न गएको मर्काको व्यहोरा खुलाई त्यस्तो निर्णय वा सोको जानकारी प्राप्त गरेको मितिले पैतीस दिन भित्र अनुसूची- १ बमोजिमको ढाँचामा पुनरावेदन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा प्राधिकरणबाट भएको निर्णयको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।

(३) पुनरावेदनपत्र फूलस्केप आकारको नेपाली कागजमा पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टीमिटर छोडी र प्रत्येक पृष्ठमा बायाँ तर्फ पाँच सेन्टीमिटर किनारा छोडी एक पृष्ठमा बत्तीस पंतिमा नबढाई कागजको एक पट्टी मात्र पक्की कालोमसिले लेखिएको, वा टाइप गरिएको हुनुपर्छ ।

(४) पुनरावेदनदर्ता गर्न एकसय रुपैयाँ दस्तुर लाग्नेछ ।

**४. पुनरावेदनमा खुलाउनु पर्ने कुराहरु:**दफा ३ बमोजिम पेश गरिने पुनरावेदनपत्रमा देहायका कुराहरु खुलाउनु पर्दछ :-

(क) निर्णय वा आदेश गर्ने अधिकारी र कार्यालयको नाम,

(ख) निर्णय वा आदेश भएको मिति,

(ग) निर्णय वा आदेशको संक्षिप्त व्यहोरा,

(घ) पुनरावेदन गर्ने हकदैया भएको कुरा

(ङ) निर्णय वा आदेशबाट पुनरावेदकलाई चित्त नबुझेका कुराहरु

(च) हदम्याद भित्रै रहेको कुरा

(छ) संलग्न कागज प्रमाण,

(ज) अन्य आवश्यक कुरा ।

**५. पुनरावेदनदर्ता:** (१) समितिले प्राधिकरणले गरेको निर्णय वा आदेश उपर कसैको पुनरावेदन पर्न आएमा त्यस्तो पुनरावेदन दफा ३ र ४ बमोजिम रीत पुगे नपुगेको सम्बन्धमा समिति सचिवबाट जाँचबुझ गराई दर्ता गर्नु पर्नेछ ।

(२)उपदफा १ बमोजिम जाँचबुझ गर्दा रीत पूर्वक भएमा पुनरावेदनदर्ता गरी अनुसूची- २ बमोजिमको निस्सा पुनरावेदकलाई दिनु पर्नेछ ।

(३) पुनरावेदनपत्र रीतपूर्वक नभएको पाईएमा सोको जानकारी पुनरावेदकलाई दिई रीत पु-याई ल्याउन पुनरावेदन फिर्ता गरिदिनु पर्नेछ ।

(४) समितिमा प्राप्त हुन आएको कुनै पुनरावेदनपत्र ऐन र यो कार्यविधि बमोजिम दर्ता हुन नसक्ने रहेछ भने त्यसको कारण सहितको व्यहोरा खुलाई दरपीठ गरी सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(५) पुनरावेदन दर्ता गर्ने अधिकारीले रीत पूर्वक प्राप्त हुन आएको पुनरावेदनपत्रको शीरमा दस्तखत गरी दर्ता प्रमाणित गर्नु पर्नेछ ।

**६. पुनरावेदन दर्ता किताव :** (१) दफा ५ बमोजिम दर्ता हुन आएका पुनरावेदनपत्र अनुसूची- ३ बमोजिमको ढाँचामा छुट्टै पुनरावेदन दर्ता कितावमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदनपत्र दर्ता गरेपछि दर्ता गर्ने अधिकारीले दर्ता किताबमा प्रमाणित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदनपत्र दर्ताको अभिलेख कम्प्यूटर प्रणालीबाट पनि राख्नु पर्नेछ ।

(४) समितिमा पुनरावेदन दर्ता भएपछि पुनरावेदकलाई सो पुनरावेदन समिति समक्ष पेश हुने मिति र समय सहित उल्लेख गरी तारिख पूर्जी लेखी दिनु पर्नेछ ।

**७. फाइल खडा गर्ने:** (१) समितिले प्रत्येक पुनरावेदनको छुट्टाछुट्टै फाइल खडा गरी तायदाती फाराम भरी प्रत्येक कागजको शिरमा कोष्ठमा कागजको सिलसिलेवार नम्बर जनाई राख्नु पर्छ ।

(२) उपदफा (१) बमोजिमको फाइलको बाहिरी भागमा पुनरावेदकको नाम, ठेगाना, पुनरावेदन दर्ता नम्बर, पुनरावेदनको विषय समेत लेखी फाइल सुरक्षितसाथ राख्नु पर्नेछ ।

**८. तारेखमा बस्नु नपर्ने:** समितिमा दर्ता हुन आएको पुनरावेदनका सम्बन्धमा पुनरावेदकले तारिखमा बस्न नचाहेमा निजलाई तारिखमा राखिने छैन ।

तर पेशीको दिन पुनरावेदक इजलाश समक्ष उपस्थित भई आफ्नो पुनरावेदन सम्बन्धी जानकारी लिन बाधा पर्ने छैन ।

**९. गुज्रेको म्याद तारेख थमाउन सक्ने:** पुनरावेदक तोकिएको तारेखमा हाजिर नभएपनि मुद्दाको काम रोकिने छैन । काबु बाहिरको अवस्था आइपरेको भनि म्याद तारेख थमाउन निवेदन दिएमा एक पटकका लागि सात दिनसम्मको गुज्रको म्याद थमाउन सकिनेछ ।

**१०. पुनरावेदनको पेशी सूची:** (१) समिति सचिवले अध्यक्षसँग परामर्श गरी पुनरावेदन सुनुवाई गर्ने मिति र समय निर्धारण गरी प्रत्येक शुक्रवार आगामी हप्ताको लागि साप्ताहिक र प्रत्येक दिन इजलाश बस्नुभन्दा एक घण्टा अगावै दैनिक पेशीको सूची प्रकाशन गर्नु पर्नेछ । त्यस्तो पेशीको सूचना प्राधिकरणको वेभसाइटमा प्रकाशन गरी सम्बन्धित पुनरावेदक र प्रत्यर्थीलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित पेशीको सूचना अनुसारको पुनरावेदन सम्बन्धी कारबाहीको विवरण अनुसूची - ४ बमोजिमको ढाँचामा पर्चा खडा गरी सम्बन्धित मिसिलमा राख्नु पर्नेछ ।

**११. मिसिल झिकाउने:** समितिले पुनरावेदनपत्र दर्ता भएको तीन दिनभित्र पुनरावेदनको प्रतिलिपि सहित सो कुराको जानकारी प्राधिकरण वा त्यस्तो निर्णय गर्ने निकाय वा अधिकारीलाई दिई पुनरावेदन परेको विषयको निर्णय फाइल झिकाउने आदेश गर्नु पर्छ ।

**१२. पेशीको तारिख:** दफा ११ बमोजिम माग गरिएको निर्णय फाइल प्राप्त भएपछि समिति सचिवले अध्यक्षसँग परामर्श गरी पेशी तारिख तोम्नु पर्नेछ । त्यसरी पेशी तोकेको जानकारी पुनरावेदक र प्राधिकरण दुवैलाई जानकारी दिनु पर्नेछ । पेशी तारेख तोक्दा पुनरावेदकलाई असुविधा हुने गरी तोक्नु हुँदैन ।

**१३. कानून व्यवसायी राख्न सक्ने:** (१) समितिसमक्ष पेश हुन आएको पुनरावेदन उपर सुनुवाई हुँदा पुनरावेदक वा प्रत्यर्थी दुवैले आ-आफ्नो तर्फबाट कानून व्यवसायी राख्न सक्नेछन् ।

तर पक्ष आँफैले आफ्नो कुरा राख्न सक्ने भनी समितिसँग अनुरोध गरेमा निजलाई आफ्नो कुरा राख्न दिनु पर्नेछ ।

**१४. लिखित प्रतिवाद गर्न सक्ने:** प्रत्यर्थीले चाहेमा पुनरावेदन विरुद्ध लिखित रुपमा प्रतिवाद गरी आफ्नो व्यहोरा प्रस्तुत गर्न सक्नेछ ।

**१५. बहस पैरवी:** पुनरावेदनपत्र समिति समक्ष पेश हुँदा पक्षले आफ्नो तर्फबाट कानून व्यवसायीको मार्फत बहस पैरवी गराउन वा प्रतिरक्षा गर्न गराउन सक्नेछन् ।

**१६. पेशी स्थगित गर्न सक्ने:** मुद्दाका कुनै पक्षका कानून व्यवसायीले पेशी सूचीमा चढेको पुनरावेदनको सुनुवाई स्थगित गरिपाउन निवेदन दिएमा समितिले एक पटकका लागि त्यस्तो पेशी स्थगित गर्न सक्नेछ ।

**१७. निर्णय वा आदेश सम्बन्धी व्यवस्था:** (१) पुनरावेदन उपरको सुनुवाई समाप्त भएपछि समितिले आफ्नो अन्तिम निर्णय दिनु पर्नेछ ।

(२) समितिले कुनै पुनरावेदन उपरको अन्तिम निर्णय सुनाएको वा आदेश दिएको सात दिनभित्र त्यस्तो निर्णय वा आदेशको पूर्णपाठ तयार गरी समितिका सबै सदस्यले दस्तखत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय वा निर्णय वा आदेशको सम्बन्धित मिसिलसाथ राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिबाट अन्तिम निर्णय वा आदेशको पूर्णपाठ तयार भएपछि सोको प्रमाणित प्रति प्राधिकरणमा पठाई दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम निर्णय वा आदेशको प्रतिलिपि पाउँ भनी पुनरावेदक वा निजको कानून व्यवसायी वा वारेशले मागेमा रजिष्ट्रारले उक्त आदेश वा निर्णयको प्रमाणित प्रतिलिपि सम्बन्धित पुनरावेदकलाई नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

**१८. फैसला वा आदेश लेख्दा खुलाउनु पर्ने व्यहोरा:** (१) पुनरावेदन समितिले आफ्नो फैसला वा आदेश देहायका कुराहरु प्रकरण छुट्याई स्पष्ट रुपमा खुलाउनु पर्छ :

(क) मुद्दाका (पुनरावेदकको) पक्षहरुको दावी तथा जिकिर,

(ख) सुरुको निर्णय वा अन्तिम आदेश वा निर्णयको छोटकरी विवरण,

(ग) पुनरावेदनको जिकिर,

(घ) निर्णय दिनु पर्ने विषय,

(ङ) दुवै पक्षले तथ्य र कानून सम्बन्धमा उठाएका प्रश्नहरु,

(च) कानून व्यवसायीको बहसको मुख्य मुख्य बुँदाहरु,

(छ) पुनरावेदनपत्र वा बहस नोटमा कुनै नजीर वा कानूनी सिद्धान्त सान्दर्भिक छ वा छैन भन्ने कुराको स्पष्ट विश्लेषण,

(ज) कारण सहितको निर्णय र त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरु ।

**१९. फैसला वा आदेशको ढाँचा:** फैसला वा अन्तिम आदेश अनुसूची- ६ बमोजिमको ढाँचामा लेख्नु पर्छ ।

**२०. फैसला वा आदेश हेरफेर गर्न नहुने:** फैसला वा आदेशमा समितिका सदस्यहरुको सहीछाप भैसकेपछि फैसलामा लेखाईको सामान्य भूलबाट फरक परेको ह्रस्वदीर्घ वा टाईप वा लेखाईमा अङ्क र अक्षरमा लेखाई फरक परी अन्यथा भएको अवस्थामा समितिमा पेश गरी समितिबाट भूल सुधार भएको व्यहोरा लेखी सच्याउन बाहेक अन्य कुनै कुरा थप्न, हटाउन, केरमेट गर्न वा फैसलाको व्यहोरामा तलमाथि पर्ने गरी सच्याउन हुदैन । त्यस्तो गरेकोमा समितिले सम्बन्धित व्यक्तिलाई सरकारी कातज किर्ते गरेको कसूरमा कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

**२१. खुला इजलासमा सुनुवाई गर्नुपर्ने:** समितिको पुनरावेदनको सुनुवाई खुला इजलासमा हुनेछ ।

**२२. अभिलेख राख्नु पर्ने:** प्राधिकरणले समितिबाट फैसला वा आदेश भई प्राप्त हुन आएका र कार्यान्वयन भएका मुद्दाहरुको छुट्टा छुट्टै विवरण अद्यावधिक गराई प्रत्येक मसान्तमा त्यसको जानकारी समितिलाई दिनु पर्नेछ ।

**२३. प्रमाणित गर्ने अधिकृत:** समितिबाट तयार भएको वा समितिसँग रहेको कुनै कागजात वा अभिलेखको प्रतिलिपि समिति सचिव वा निजले तोकेको अधिकृतले प्रमाणित गर्नेछ ।

**२४. मुद्दाको मिसिल बाहिर लैजान र अरुलाई देखाउन नहुने:** पुनरावेदन समितिका अध्यक्ष, सदस्य वा समिति सचिवको लिखित आदेश बेगर कुनै पनि मुद्दाको मिसिल वा लिखित समितिको कार्यालयबाट बाहिर लैजान वा समितिको कर्मचारी बाहेक कसैलाई दिन हुँदैन । तर कानून बमोजिम नक्कल सारी लान यस दफाले बाधा पु-याएको मानिने छैन ।

२५. **इजलासको समय:** इजलाशको समयतालिका समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **समितिले कार्यविधि व्यवस्थित गर्न सक्ने:** यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम हुनेछ, र सो बाहेक समितिको अरु आन्तरिक कार्यविधि समिति आफैंले व्यवस्थित गर्न सक्नेछ ।

२७. **सुनुवाईमा अग्राधिकार सम्बन्धी व्यवस्था:** समितिले जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका व्यक्ति र विपन्न व्यक्तिको तर्फबाट पुनरावेदन परेको भएमा प्रचलित कानून बमोजिम सुनुवाईको प्राथमिकताको आधारमा सुनुवाई गर्नु पर्नेछ ।

अनुसूची- १

(दफा ३ सँग सम्बन्धित )

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन

## **पुनरावेदन समितिमा चढाएको**

## **<u>पुनरावेदनपत्र</u>**

संवत् ......................... सालको ................पुनरावेदन नं.

............ जिल्ला ........... ........... गा.वि.स/न.पा/महानगरपालिका वडा नं.......... बस्ने वर्ष को ............. पुनरावेदक

**<u>विरुद्ध</u>**

...................... जिल्ला स्थित ............... कार्यालयका प्रमुख श्री ............ प्रत्यर्थी

निर्णय गर्ने निकायः ..............

निर्णय मितिः ...................

निर्णय गर्ने अधिकारीः ......................

मुद्दाः ......................

(पुनरावेदक र प्रत्यर्थी एक वा एकभन्दा बढी भए क्रमैसँग लेख्नु पर्छ । )

.............. सम्बन्धमा ..................... कार्यालयका प्रमुख श्री ................................ बाट ................. गर्ने गरी भएको निर्णय वा आदेश भएकोमा सो निर्णयमा मेरो/हाम्रो चित्त नबुझेको र प्रस्तुत विषयमा .................... कारणले मेरो/हाम्रो पुनरावेदन गर्ने हकदैया रहेको हुँदा देहाय बमोजिमको मागदावी लिई तोकिएको हदम्याद भित्रै यो पुनरावेदन प्रस्तुत गरेको छु / गरेका छौं । यसमा मेरो/हाम्रो पुनरावेदन जिकिर पुनरावेदन निम्नप्रकार रहेको छः-

1. .............................................
2. .............................................
3. .............................................

पुनरावेदक,

...................................

फलाना ठाउँ बस्ने फलाना

(एकभन्दा बढी पुनरावेदक भएमा क्रमैसँग १, २ ३, नम्बर दिई सबैको पूरा नाम, थर, उमेर, वतन, सम्पर्क नम्ब लेखी लेखपढ गर्न जान्नेलाई हस्ताक्षरको सही र अरुले ल्याप्चे/ सही गर्नु पर्छ । )

इति संवत् ......................... साल .................... गते रोज ................. शुभम् .............

अनुसूची २

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित )

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# पुनरावेदन समितिको सचिवालय

**पुनरावेदन दर्ता निस्सा**

तँपाई श्री ............................................ मिति ..................... मा यस समिति समक्ष पेश गर्नु भएको पाना ........ को पुनरावेदनपत्र दर्ता नं. .......... मा दर्ता गरिएकोले यो दर्ता निस्सा प्रदान गरीएको छ ।

दर्ता गर्ने कर्मचारीको दस्तखतः

नाम,थरः

दर्जाः

मितिः

अनुसूची- ३

(दफा ६ सँग सम्बन्धित)

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## पुनरावेदन समिति

## पुनरावेदनदर्ता किताब

| दर्ता नम्बर | पुनरावेदकको नाम थर, ठेगाना र सम्पर्क नम्बर | पुनरावेदनको विषय | पुनरावेदनको संक्षिप्त व्यहोरा | विपक्षीको निर्णय वा आदेश मिति | पुनरावेदन दर्ता गर्ने | प्रमाणित गर्ने | फैसला मिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची - ४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## पुनरावेदन समितिको सचिवालय

## <u>पुनरावेदन कारबाही पर्चा</u>

पुनरावेदन दर्ता नं. : दर्ता मितिः

पुनरावेदकः .......................................................... प्रत्यर्थी :

| क्र.सं. | पेशी मिति | पुनरावेदक / प्रत्यर्थीलाई सूचना दिए नदिएको | आदेशको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

अनुसूची - ५

(दफा ..... को उपदफा (२) सँग सम्बन्धित)

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

**पुनरावेदन समितिको सचिवालय**

पुनरावेदन समितिबाट जारी भएको

<u>सूचना</u>

संवत् ........................... को ......................... नं.

............................................................................................................ वादी <u>निवेदक</u>

पुनरावेदक

<u>विरुद्ध</u>

...................................................................................................... प्रतिवादी <u>विपक्षी</u>

प्रत्यर्थी

.......................... जिल्ला .................. गाउँपालिका नगरपालिका वडा नं. ............................ बस्ने ........................... को छोरा छोरी श्रीमती .................... वर्ष ........ को ........... का नाउँमा जारी भएको सूचना ।

.....................................................................................................................................
.............................

यस समितिबाट मिति ....................... मा ....................... आदेश भएकोले सो आदेशको प्रतिलिपि साथै राखी जानकारीको निमित्त यो सूचना पठाइएको छ । सो मुद्धामा आफ्नो सबुत प्रमाण लिई तपाई आफै उपस्थित हुन आउनु होला वा ऐन बमोजिमको वारेस पठाउनु होला । यो सूचना तामेल भएको १५ दिनपछि मुद्धा पेशीमा चढ्न सक्नेछ ।

आज संवत् .................. साल ............ महिना ............ गते ...... रोज .................... का दिन समितिको छाप र मेरो दस्तखतबाट यो सूचना जारी भयो ।

...................................................................................... आदेश बमोजिम

(समितिको छाप) दस्तखत

अनुसूची - ६

(दफा ..... को उपदफा (२) सँग सम्बन्धित)

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

**पुनरावेदन समितिबाट भएको फैसला**

..... ..... इजलास

माननीय न्यायाधीश श्री ...... .................

सदस्य श्री ...... .................

सदस्य श्री ...... ..................

बाट भएको फैसला वा आदेश

संवत् .................................. सालको पुनरावेदन नं. ...........

पुनरावेदक ............................................. वादी

निवेदन

विरुद्ध

................................................................................. प्रतिवादी विपक्षी प्रत्यर्थी

मुद्दाको नाम: ..........................................

विषयवस्तु वा माग दावीको संक्षिप्त व्यहोरा:

सम्बद्ध कानून र स्थापित सिद्धान्त:

कानून व्यवसायीको बहस बुँदा:

समितिको ठहर:

तपसील खण्ड:

समितिका सदस्य समितिका सदस्य

माननीय न्यायाधीश

एवं अध्यक्ष

मिति:-